धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाइबरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ७२ ◆ २०८३ असोज १२ सोमबार ◆ Monday, September 28, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## मुख्यमन्त्री थापाद्वारा शंखधर साख्वा संग्रहालयको अवलोकन

❑ *प्रत्यूष समाचारदाता*

भक्तपुर । बागमती प्रदेशका मुख्यमन्त्री किरण थापामगर तथा प्रदेशका उद्योग, पर्यटन, श्रम तथा यातायातमन्त्री राजेन्द्र प्रजापतिले आइतबार राष्ट्रिय विभूति शङ्खधर साख्वाः सङ्ग्रहालयको अवलोकन गर्नुभएको छ ।

मध्यपुरथिमि शङ्खधर चोकस्थित राष्ट्रिय विभूति शङ्खधर साख्वाः प्रतिष्ठानले सञ्चालन गरेको सङ्ग्रहालयको मुख्यमन्त्री थापाले अवलोकन गर्दै साख्वाःको योगदानकाबारेमा जानकारी लिनुभएको थियो । उहाँले शङ्खधर साख्वाःको योगदानलाई देशभर फैलाउँदै नेपाल संवत समग्र नेपालीहरुको संवत भएको प्रचार गर्नु आवश्यक रहेको बताउनुभयो । मन्त्री प्रजापतिले नेपाल सम्वत र शंखधर साख्वाःको योगदानको संचालित गतिविधि चासो दिनु भएको थियो ।

आइतबार अवलोकन गर्न जानुभएका प्रतिनिधिसभा सदस्य मदनकृष्ण श्रेष्ठ, प्रदेश पर्यटन मन्त्रालयका सचिव दीपेन्द्र सुवेदीलगायतलाई प्रतिष्ठानका अध्यक्ष ज्ञानराम प्रजापतिले शङ्खधर साख्वाःको योगदानका बारेमा जानकारी गराउनु भएको थियो । उहाँले तीन तहकै सरकारले साख्वाःको संग्रहालयको बिस्तार गर्न आग्रह गर्नुभयो ।

# त्रिशूली वारपार गर्न तुइन बन्द हुँदा जनजीवन प्रभावित

❑ *प्रत्यूष समाचारदाता*

त्रिशूली (नुवाकोट) । नुवाकोटको त्रिशूली नदीमा सञ्चालनमा ल्याइएका तुइन निरन्तरको वर्षाका कारण बन्द हुँदा जनजीवन प्रभावित भएको छ ।

वर्षाका कारण नदीमा पानीको बहाव बढ्नुका साथै तुइनका घिर्नी सञ्चालनमा प्राविधिक कठिनाइ देखिएपछि विदुर नगरपालिकाका विभिन्न चार स्थानमा सञ्चालनमा ल्याइएका तुइन केही दिनका लागि बन्द गरिएका हुन् ।

तुइन बन्द भएपछि त्रिशूली नदी वारपार गर्न बेलकोटगढी नगरपालिकामा पर्ने झोलुङ्गे पुल वा धादिङको गल्छीस्थित पक्की पुल हुँदै आवतजावत गर्नुपर्ने बाध्यता भएको छ । भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको बाढीले नदी वारपार गर्ने सम्पूर्ण पुलसहित सडकको पहुँच मार्गसमेत बगाएपछि विदुर नगरपालिकासँगको सहकार्यमा बागमती प्रदेश सरकारले विभिन्न चार स्थानमा तुइन जडान गरी सञ्चालनमा ल्याएको थियो । त्रिशूली नदी वारपारका बस्तीलाई आपसमा जोड्न विदुर नगरपालिका-१ इन्द्रायणीचौरमा दुई ठाउँमा तथा वडा नं ४, वडा नं-१२ जोड्ने सिमचौर, वडा नं ५ र ३ जोड्ने देवीघाटमा एक-एक ठाउँमा तुइन जडान गरिएका थिए । निरन्तर वर्षा भइरहेका कारण तुइनका घिर्नी सञ्चालनमा कठिनाइ हुनुका साथै नदी वारपार गर्ने क्रममा बीचमै अड्किन सक्ने जोखिम रहेकाले सञ्चालन रोकिएको पूर्वाधार विकास कार्यालय नुवाकोटका प्रमुख सुजन थापाले जानकारी दिनुभयो ।

"प्राविधिक समस्या र नदीको बहावबाट हुनसक्ने जोखिमलाई मध्यनजर गर्दै तुइन सञ्चालन रोकिएको हो", उहाँले भन्नुभयो, "मौसम सफा भएर नदीको बहाव घटेपछि पुनः सञ्चालनमा ल्याइनेछ ।" देवीघाटमा जडान गरिएको तुइनको लट्ठा बाँधिएको रुखसमेत त्रिशूली नदीको कटानका कारण जोखिममा परेको छ । वडा नं ३ तर्फ लट्ठा



बाँधिएको रुखमा नदीको कटानले क्षति पुर्याएकाले मौसम सफा भएपछि प्राविधिक अध्ययन गरेर मात्र उक्त तुइन सञ्चालनमा ल्याउने तयारी गरिएको प्रमुख थापाले जानकारी दिनुभयो ।

भोटेकोशी बाढीपछि देवीघाट स्थित तादी खोलामा नेपाली सेनाको सहयोगमा एक्रोब्रिज सञ्चालनमा ल्याएसँगै धादिङतर्फको आवतजावत केही सहज भएको छ । तर, त्रिशूली नदीमा पानीको बहाव उच्च रहेकाले तत्काल पक्की वा अन्य वैकल्पिक पुल निर्माण गर्न नसक्दा नदी वारपारका लागि तुइन नै प्रमुख माध्यम बनेको छ ।

नदी वारपारको एकमात्र साधन तुइन पनि बन्द भएपछि नदीपारिका बस्तीमा बाढीले पुर्याएको क्षति पश्चात पुरिएका घरको भग्नावशेष हटाइ खोज तथा उद्धार र राहत वितरणमा समस्या भएको छ ।

चाडपर्व नजिकिँदै गर्दा आम उपभोक्तालाई दैनिक उपभोग्य सामग्रीको अभाव भएको विदुर नगरपालिका-७ का अध्यक्ष रबिन्द्र नेपालले गुनासो गर्नुभयो ।

नदी पार गर्ने माध्यम नहुदाँ सदरमुकाम विदुरबाट त्रिशूली नदी पारितर्फ रहेको त्रिशूली अस्पताल पुग्न नसक्दा यहाँका बिराम जिल्ला बाहिर जानुपर्ने बाध्यता रहेको छ । नदी वारपारको सहज माध्यम बन्द हुँदा विदुरबाट त्रिशूली पारीतर्फ विदुरको आठवटा वडा सहित किस्पाङ र म्यागङ गाउँपालिका सँगको आउजाउ रोकिएको छ ।

## सुस्ताका सबै नागरिक नारायणीवारि

नवलपरासी । अविरल वर्षाका कारण नारायणी नदीको बाढी सुस्तामा पसेपछि स्थानीयलाई नारायणीवारि ल्याइएको छ ।

पश्चिम-नवलपरासीको सुस्ता गाउँपालिका-५ मा शुक्रबार देखि बाढी पसेको हो । जिल्ला प्रशासन कार्यालय नवलपरासीका प्रमुख जिल्ला अधिकारी दीपकराज नेपालका अनुसार सुस्ताको थारु, वडाका टोललगायत क्षेत्रमा बाढी पसेपछि स्थानीय नागरिकलाई सुस्तामा रहेका आश्रयस्थलमा राखिएको थियो ।

नारायणीमा बाढीको तह बढ्दै गएपछि ८०० भन्दा बढी नागरिकलाई नारायणीवारि सुस्ता बालिनगरमा रहेको विपी माध्यमिक विद्यालयमा ल्याइएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "सुस्तामा २१९ घरधुरीमा एक हजार ४५० भन्दा बढी नागरिक छन् । केही पहिलै आफन्तको घरमा गएर बसेका छन् भने बाँकीलाई नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको सहयोगमा वारि ल्याउने काम भएको हो ।"

"सुस्तावारि आउनका लागि नारायणी नदीमा झोलुङ्गे रहेकामा पुलमा जलसतह बढेपछि केही माथि उकालेर विद्यालयमा पुर्याउन ढिलाइ भएको हो", प्रजिअ नेपालले भन्नुभयो । उद्योग वाणिज्य महासङ्घ नवलपरासी र नवलपरासी रेडक्रसले राहत सामग्री लिएर सो क्षेत्रमा पुगेको उहाँले बताउनुभयो । अहिले गण्डक ब्यारेजमा चार लाख ७९ हजार १०० क्युसेक पानी मापन गरिएको गण्डक योजना कार्यालय भैसालोटन बाल्मकीनगरका सम्पर्क तथा भूआर्जन अधिकृत सोभित हलुवाईले बताउनुभयो ।

# कांग्रेसको देउवा पक्षीय समूह पनि समानान्तर महाधिवेशनको तयारीमा

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । नेपाली कांग्रेसको महाधिवेशन प्रक्रिया जारी रहेको अवस्थामा त्यसप्रति विमति जनाउँदै पूर्वसभापति शेरबहादुर देउवा पक्ष पनि पार्टीको समानान्तर महाअधिवेशनमा जुटेको छ ।

यही असोज १६ देखि १९ गतेसम्म काठमाडौँमा हुने महाधिवेशनका क्रममा जारी प्रतिनिधि छनोट प्रक्रिया रोकेर वार्ता र सहमतिका आधारमा आगामी महाधिवेशन संयुक्त रुपमा गर्नुपर्ने माग सुनुवाइ नभएको भन्दै सो समूह पनि कार्यतालिकासहित महाधिवेशनमा जुटेको हो । देउवा पक्षीय समूह १४औं महाधिवेशन बाट निर्वाचित भएको कार्यसमिति नै आधिकारिक भएको दाबी गर्दै संस्थापन पक्षले आह्वान गरेको जारी महाधिवेशन प्रक्रियामा सहभागी भएको छैन ।

सो समूहका संयोजक डा शशाङ्क कोइरालाले आगामी मङ्सिर २१ देखि २३ गतेसम्म काठमाडौंमा १५औं महाधिवेशन गर्ने निर्णय सहित यही असोज १५ गतेबाट वडा अधिवेशन सुरु हुने बताउनु भयो । देउवा समूहले आगामी बिहीबारदेखि वडा अधिवेशन सुरु गर्ने र त्यसका लागि ५६ जिल्लामा निर्वाचन संयोजक तोकिएको जनाएको छ । कांग्रेसको आधिकारिकतासम्बन्धी विवाद सर्वोच्च अदालतमा विचाराधीन रहेको तर्क गर्दै अहिले महाधिवेशन गर्न नहुने पक्षमा रहेको सो समूहको मागलाई बेवास्ता गर्दै असोज ३ गतेबाट प्रतिनिधि छनोट प्रक्रियामा होमिएको संस्थापन पक्ष अहिले १५औं महाधिवेशनको अन्तिम तयारीमा जुटेको छ ।

यसैबीच, आइतबार पनि आसन्न महाधिवेशनका क्रममा देउवा समूहद्वारा गठित सदस्यता व्यवस्थापन केन्द्रीय समितिले क्रियाशील सदस्यताको विवरण केन्द्रीय निर्वाचन समितिलाई बुझाएको नेता डा प्रकाशशरण महतले जानकारी दिनुभयो । क्रियाशील सदस्यता व्यवस्थापन समितिका संयोजक किरणराज शर्मा पौडेलले निर्वाचन समितिका संयोजक एकराज पोखरेललाई क्रियाशील सदस्यताको विवरण शनिबार हस्तान्तरण गरेको जानकारी दिनुभयो ।

संयोजक पौडेलले यही असोज ९ गतेसम्म वितरण र नवीकरण गरिएका क्रियाशील सदस्यताको विवरण निर्वाचन समितिलाई बुझाएको र कूल सदस्य सङ्ख्या सात लाख ८३ हजार ८३६ रहेको जानकारी दिनुभयो ।

## बीसौं एसियाली खेलकुदः टेनिसमा
## बास्तोला र खड्काको जोडी विजयी

काठमाडौँ । जापानको इची-नागोयामा जारी २०औं एसियाली खेलकुद प्रतियोगितान्तर्गत टेनिसको पुरुष डबल्सतर्फ नेपालका अभिषेक बास्तोला र प्रदीप खड्काको जोडीले विजयी सुरुआत गरेको छ ।

हिगाशियामा पार्क टेनिस सेन्टरमा आइतबार भएको पुरुष डबल्सको पहिलो चरणको खेलमा बास्तोला र खड्काको जोडीले मङ्गोलियाका बाराख मुन्खबातार र जोल्बदार उर्नुखको जोडीलाई ६-२, ४-६ र १४-१२ अङ्कले पराजित गरेको हो । बास्तोला र खड्काको जोडीले पहिलो सेट सहजै आफ्नो पक्षमा पारेको थियो भने दोस्रो सेट



मङ्गोलियाली जोडीले आफ्नो पक्षमा पार्यो । तेस्रो सेट प्रतिस्पर्धात्मक बन्यो । अन्ततः बास्तोला र खड्काको जोडी उक्त सेट आफ्नो पक्षमा पार्दै विजयी भयो ।

यो जितसँगै बास्तोला र खड्काको जोडीले प्रतियोगिताको अन्तिम १६ मा स्थान बनाएको छ । अब उक्त जोडीले क्वाटरफाइनल प्रवेशका लागि भारतीय खेलाडीसँग प्रतिस्पर्धा गर्नेछ ।

# सोह्र श्राद्धको पहिलो दिन पशुपतिमा छ सय बढीले गरे श्राद्ध

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । सोह्र श्राद्धको पहिलो दिन आइतबार पशुपतिनाथ क्षेत्रमा छ सयभन्दा बढी श्रद्धालुले श्राद्ध, तर्पण तथा पिण्डदान गरेका छन् । बिहानैदेखि वर्षा भए पनि श्रद्धालुहरू आफ्ना दिवङ्गत पितृको सम्झनामा धार्मिक विधि अनुसार श्राद्ध गर्न पशुपति क्षेत्रमा पुगेका थिए ।

पशुपति क्षेत्रमा लामो समयदेखि श्राद्धलगायत धार्मिक कर्मकाण्ड गराउँदै आउनुभएका कलङ्कीका पण्डित शेषकान्त पन्तका अनुसार वर्षाका कारण विगतका वर्षको तुलनामा यस वर्ष पहिलो दिन श्रद्धालुको सङ्ख्या केही कम देखिएको हो । उहाँले सोह्र श्राद्ध पितृहरूको सम्झना र सम्मानमा गरिने धार्मिक परम्परा भएको उल्लेख गर्दै पहिलो दिनमै वर्षा भएकाले श्रद्धालुको आवागमन प्रभावित भएको बताउनुभयो । पितृहरूको आत्माको शान्तिको कामना गर्दै सोह्र श्राद्धका अवसरमा विभिन्न धार्मिक तथा तीर्थ स्थलमा श्राद्ध, तर्पण र पिण्डदान गर्ने प्रचलन छ ।

यस अवधिमा विशेषगरी पशुपतिनाथ क्षेत्रमा दिवङ्गत आफन्तको सम्झनामा धार्मिक कर्मकाण्ड गर्ने श्रद्धालुको बाक्लो उपस्थिति रहने गरेको पण्डित गङ्गाराज दाहालले बताउनुभयो । उहाँका अनुसार आइतबारदेखि सुरु भएको सोह्र श्राद्ध औँसीसम्म चल्नेछ ।

यस अवधिमा श्रद्धालुहरूले आफ्ना दिवङ्गत पितृको सम्झनामा तर्पण, पिण्डदान तथा श्राद्ध गर्ने परम्परा रहिआएको छ । वर्षाका कारण बिहान श्रद्धालुको आवागमन केही प्रभावित भए पनि दिउँसोसम्म पशुपतिनाथ क्षेत्रमा श्राद्ध, तर्पण तथा पिण्डदान गर्नेहरूको चहल-पहल जारी थियो ।

कोटेश्वरबाट श्राद्ध गर्न पशुपति आउनुभएका कमल अधिकारीले वर्षा भए पनि तिथिअनुसार श्राद्ध गर्नुपर्ने भएकाले आफूहरू आएको बताउनुभयो । उहाँले सोह्र श्राद्धको अन्तिम दिन श्रद्धालुको उपस्थिति अझ बाक्लो हुने अपेक्षा गर्नुभयो । सोह्र श्राद्ध सुरु भएसँगै पशुपतिनाथ क्षेत्रमा श्रद्धालुको चहलपहल बढेको छ । श्रद्धालु हरूको आगमनसँगै पण्डित लाई पनि श्राद्ध, तर्पण तथा पिण्डदान लगायत धार्मिक कर्मकाण्ड गराउन भ्याइनभ्याइ भएको छ । श्रद्धालुहरू आफ्ना दिवङ्गत पितृको सम्झनामा धार्मिक विधिअनुसार श्राद्ध गर्न पशुपति क्षेत्रमा पुगेका थिए ।

## सम्पादकीय ....

### प्रमको सम्बोधन सान्दर्भिक

जलवायु वित्तमा पहुँचका लागि कमजोर मुलुकले वर्षौंसम्म कागजी प्रक्रिया पूरा गरेर सहयोग माग्नुपर्ने अवस्था अन्त्य गर्नुपर्ने आसय यो सम्बोधनमा छ । यसलाई पनि प्रधानमन्त्री शाहले हामीजस्ता पीडित राष्ट्रमाथिको 'ब्युरोक्र्याटिक अलमल' को संज्ञा दिनुभएको छ । योसँगै उहाँले नेपालले आफ्नो पारिस्थितिक योगदानभन्दा बढी विश्वव्यापी भूमिका निर्वाह गरिरहेको कुरा समय सान्दर्भिक कुरा हो ।

यसअघि यो महासभामा परराष्ट्रमन्त्री शिशिर खनाल जाने तय भएकामा भोटेकोशीमा गत भदौ १० गते आएको भायानक बाढी र त्यसले नदी तटीय क्षेत्रका रसुवा, नुवाकोट, धादिङलगायतका जिल्लाहरुमा गरेको त्रासदीपूर्ण क्षतिपछि जलवायुजन्य यो घातक परिणामका बारेमा विश्व समुदायलाई जनकारी दिई नेपाललाई जलवायु न्यायका लागि याचना गर्न स्वयं प्रधानमन्त्रीले नै उठाउने सुदखद् पक्ष हो ।

महासभाको उद्घाटन सत्रमा राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुटेरेसले नेपालले जलवायु परिवर्तनका कारण अकल्पनीय क्षति व्यहोरिरहेको विषयमा आवाज बुलन्द गरिदिएको दुई दिनपछि प्रधानमन्त्री शाहले पनि सोही मञ्चमा नेपालका तर्फबाट यो आवाज उठाउनुभएको थियो ।

महासचिव गुटेरेसले नेपालमा आफू दुई वर्षअघि पुगेका बेला त्यहाँको हिमाल निकै नै द्रुत गतिमा पग्लिरहेको र जसका कारण नेपाल त छँदैछ, यसले विश्वलाई नै असर गर्ने विषयमा कुरा उठाएको स्मरण समेत गराउनुलाई सवल पक्षको रुपमा लिनुपर्छ ।

जलवायुजन्य विपत्तिको क्षतिपूर्तिका सन्दर्भमा पनि प्रधानमन्त्री र महासचिवको धारणा मिल्न आउँछ । जस्तो कि महासचिवले जसले जलवायु परिवर्तनका लागि योगदान पुर्याएको छ त्यही राष्ट्रले नै क्षतिपूर्ति तिर्नुपर्ने कुरा महासभामा राख्नुभएको थियो । उहाँले प्रस्तुत गर्नुभएको यो तथ्यले पनि नेपाललाई विश्व सामु जलवायु न्यायका लागि प्रस्ताव राख्न सहज बनाएको छ ।

यही धारणा प्रधानमन्त्री शाहले पनि राख्नुभयो । उहाँले नेपालका लागि जलवायुजन्य महाविपत्ति केवल मानवीय घटना मात्र नभई विकासको आपत्काल समेत रहेको उल्लेख गर्दै जसले बढी मात्रामा कार्बज उत्सर्जन गरेका छन् तिनै राष्ट्रहरूले नै बढी जिम्मेवारी लिनुपर्ने धारणा राख्नुभयो । प्रधानमन्त्रीले न्यायको तुलना पैसासँग गर्न नमिल्ने तर्क विश्व समुदायसँग गरेजस्तै गरी नेपालले पनि विगत लामो समयदेखि यस्तै अन्तरराष्ट्रिय मञ्चहरुमा न्याय माग्दै आएको छ ।

हामीमाथि निरन्तर बज्रिरहेको विपत् वास्तवमा हामीलाई नखाएको विष लागेजस्तै हो । नेपालले केवल विदेशीसँग दुःख देखाएको मात्र होइन, आफूले पाउनुपर्ने न्यायको आवाज बुलन्द पारेको हो । यो तथ्यलाई प्रधानमन्त्रीले स्पष्ट राख्नुभएको छ । त्यसैले यसलाई सम्बद्ध देश, सरोकारवाला तथा विश्व समुदायले यो नेपालको 'भिक्टिम कार्ड' अर्थात् दुःखका साथ गरिएको पीडितको याचना होइन भनेर बुझ्नु आवश्यक छ । किनभने हिमाल विश्वको छानो भएकाले हिमाल र प्रकृति जोगाउनु पनि सबैको दायित्व हो ।

### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "प्रत्यूष राष्ट्रिय दैनिक तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ –३, धादिङबेसी,
फोन ०१०-५२१४३०,९८९११२०८५०
Email : pratyushdainik@gmail.com

## प्रत्येक महिनाको औंसीमा गर्नुपर्ने पार्वणश्राद्ध अनुकल्पका रुपमा सोह्रश्राद्ध

पूर्णप्रसाद मिश्र

पर्वमा गरिने भएकाले पार्वणश्राद्ध भनिने पितृकर्म प्रत्येक महिनाको आमावास्या अर्थात् औंसी तिथिमा गर्नुपर्ने हो ।

कलियुगमा मानिसको शक्ति क्षय भएर प्रत्येक महिना गर्न नसकेपछि आश्विन कृष्ण पक्षको एक तिथि अर्थात् कर्ताका पिताको मृत तिथिमा अनुकल्पका रुपमा निरन्तरता दिइएको धर्मशास्त्र विद्हरुको भनाइ छ । सक्नेले पार्वणश्राद्ध आश्विन कृष्ण पक्षका पनि सबै तिथिमा गर्छन् ।

त्यो पनि नसक्नेले एउटा तिथिमा गर्दै आएका हुन् । आश्विन-कृष्ण प्रतिपदा देखि औंसीसम्म १५ र आश्विनशुक्ल प्रतिपदा तिथिसहित १६ दिनसम्म गरिने श्राद्धलाई नै पार्वण (सोह्र) श्राद्ध भनिन्छ । श्रद्धाले दिवङ्गत पितृका नाममा दान दिनु नै श्राद्ध हो । दिवङ्गत पितृका नाममा दान दिने परम्परा प्रत्येक धर्मावलम्बीमा कुनै न कुनै रुपमा प्रचलनमा रहेको पाइन्छ ।

गृहस्थाश्रमीले सकिन्छ भने आश्विन कृष्ण पक्षका १६ दिनमा प्रतिदिन पार्वणश्राद्ध गर्नुपर्छ । सकिँदैन भने आफ्नो पिताको तिथिमा एक दिन मात्र भने पनि पार्वणश्राद्ध गर्नुपर्ने नियम छ । यदि आफ्नो पिताको तिथिमा श्राद्ध गर्न मिलेन भने अष्टमी, द्वादशी, औंसी तिथिमा श्राद्ध गर्नुपर्ने शास्त्रीय नियम रहेको छ । यी दिनमा पनि मिलेन भने १६ दिनमध्ये निषिद्ध तिथिबाहेक अरु कुनै एक तिथिमा गर्नुपर्छ । त्यसमा पनि मिलेन भने कार्तिककृष्ण आमावास्या अर्थात् गाईतिहारे औंसीमा गर्नुपर्छ । पार्वण श्राद्ध नगरे छोरालाई दोष लाग्छ भनी शास्त्रका ग्रन्थमा उल्लेख गरिएको छ ।

सूर्ये कन्यागते श्राद्धं यो न कुर्यात् गृहाश्रमी ।
धनं पुत्राः कुतस्तस्य पितृनिःश्वासपीडनात् ॥

अर्थात् सूर्य कन्याराशि (आश्विनकृष्ण)मा गएपछि जुन गृहस्थाश्रमीले आफ्नो पिताको तिथिमा श्राद्ध नगरी पितृलाई लामो श्वास फेर्नुपर्ने पीडा दिन्छ भने त्यो धन र छोराको के काम ? अर्थात् धन र छोरा पितृका लागि व्यर्थ हुन्छ । त्यसैले असल चरित्रवान् छोराले पिताको निमित्त तीन काम गर्नुपर्ने कुरा श्रीमद्देवीभागवतमा उल्लेख गरिएको छ ।

जीवतो वाक्यकरणात् क्षयाहे भूरिभोजनात् ।
गयायां पिण्डदानाच्च त्रिभिः पुत्रस्य पुत्रता ॥

अर्थात् बाँचुञ्जेल पिताले भनेको मान्ने, क्षयतिथिमा श्राद्ध गरी धेरै जनालाई भोजन गराउने र गया तीर्थमा गएर तीर्थ श्राद्ध गर्‍यो भने मात्र असल छोरामा गनिन्छ ।

### श्राद्ध गर्दा ध्यान दिने विषय

श्रीमती रजस्वला भएमा अर्थात् परसरेमा सोह्रश्राद्ध रोकिन्छ । तिथिमा गरिने एकोद्दिष्ट श्राद्धमा भने रोकिँदैन । सूतक-जुठो परी रोकिएको श्राद्ध जुठोमा १३ दिनमा र सूतकमा ११ दिनमा गर्नुहुन्छ । शास्त्रमा भनिएको पनि छ- मृतौ त्रयोदशे कुर्यात् जातावेकादशेऽहनि

पिताको वर्ष दिनको कामपछि दोस्रोपटक श्राद्ध नगरिकन सोह्रश्राद्ध र तीर्थश्राद्ध गर्नु हुँदैन भन्ने भ्रम परेको सुनिन्छ ।

शास्त्रीय ग्रन्थमा उल्लेख गरिएको यथार्थ त्यस्तो नभएको वाल्मीकि विद्यापीठ, धर्मशास्त्र विभागका प्रमुख एवं नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका पूर्वसदस्य प्रा डा देवमणि भट्टराई बताउनुहुन्छ । पहिलो वार्षिक (आद्याब्दिक) श्राद्ध ११ दिनमा नै भइसकेको हुन्छ । वर्षदिनमा गरिने दोस्रो वार्षिक श्राद्ध भएकाले यस्तो भ्रममा नपर्न उहाँले आग्रह गर्नुभयो । वार्षिक श्राद्धपछि सोह्रश्राद्ध, तीर्थश्राद्ध सबै फुक्दछ । निर्णयसिन्धु नामक धर्मशास्त्रीय ग्रन्थमा रात र दिन छुट्याउने सम्बन्धमा भनिएको छ-

रात्रिं त्रिभागं कुर्यात् तु द्वौ भागौ पूर्व एव तु ।
उत्तरांशः प्रभातेन युज्यते ऋतु-सूतके ।

अर्थात् रात्रिको घडी (समय)लाई तीन भाग गर्ने, पहिलो दुई भाग अघिल्लो दिन हुन्छ र पछिल्लो एक भाग बिहान (दोस्रो दिन) हुन्छ । सूतक, जुठो र महिला रातिमा पर सर्दा यही सिद्धान्त लागू हुने सिद्धान्त छ ।

गया तथा बद्री तीर्थमा गएर तीर्थश्राद्ध गर्ने परम्परा छ । त्यहाँ श्राद्ध गरेपछि घरमा आएर श्राद्ध गर्नुपर्दैन गर्नुहुँदैन भन्ने भ्रम कसै-कसैमा परेको देखिन्छ । त्यहाँका पण्डाले पनि "तपाईंका पितृहरू मुक्ति भएर गए अब श्राद्ध गर्नु पर्दैन", भन्छन् ।

यस विषयमा धर्मशास्त्रका गुरुहरू भन्नुहुन्छ- "त्यहाँका पण्डाले अब श्राद्ध गर्नु पर्दैन भने पनि गृहस्थी भएर रहेसम्म जति पटक बद्रीतीर्थमा श्राद्ध गरे पनि घरमा आफ्ना पितृको श्राद्ध पिण्ड दिएर नै गर्नुपर्छ, नत्र दोष लाग्छ ।" अशक्त अवस्थामा एकोद्दिष्ट श्राद्ध रोक्नु हुँदैन, ब्राह्मणद्वारा भए पनि श्राद्ध गराउनु पर्छ । पार्वणमा मात्र असक्त भइयो भने तर्पण, सिधा दान गरे हुन्छ ।

धनी-गरीब सबैले आफ्नो गच्छेअनुसार पितृको श्राद्ध गर्नुपर्छ । श्रद्धाले दिनु नै श्राद्ध भएकोले आर्थिक अभाव भए पनि आफूले सोझो कमाइ गरेर ल्याएको शुद्ध धनले किनेको साग मात्र दान गर्नाले पनि श्राद्ध पूर्ण हुन्छ, पितृ प्रसन्न हुनुहुन्छ । धर्मसिन्धुः नामक ग्रन्थमा भनिएको छ-

तस्माच्छ्राद्धं नरः कुर्यात् शाकैरपि यथाविधिः ।

### पार्वण श्राद्धमा निषेध

स्वर्गीय पिताको वर्ष दिनमा गरिने एकोद्दिष्टश्राद्धमा पिण्डदान गरिएको छैन भने पार्वणश्राद्धमा पिण्डदान गर्न मिल्दैन । एकोद्दिष्ट श्राद्ध गरेपछि मात्र पार्वण श्राद्धमा पिण्डदान गर्न मिल्छ । एकोद्दिष्टश्राद्ध गर्न मिलेन भने पार्वणमा तर्पण र सिधादान गर्न मिल्छ । पिताको श्राद्ध-तिथि यदि नवमी पर्‍यो भने पितामह अर्थात् हजुरबाको तिथिमा, द्वादशीमा वा औंसीमा पार्वण श्राद्ध गर्नुपर्छ ।

निर्णयसिन्धु नामक ग्रन्थमा भनिएको छ- 'देशाचाराः परिग्य ह्यिास्तत्तद्देशीयजैर्नरै' अर्थात् पितृको श्राद्धमा आ-आफ्नै देशाचार कुलाचारका परम्परागत-चलनलाई पनि यथासम्भव अवलम्बन गर्नुपर्छ भन्ने शास्त्रीय वचन रहेको छ ।

सन्तान, सम्पत्ति, विद्या, स्वर्ग, मोक्ष, सुख र राज्य दिनुहुन्छ । श्राद्धमा सुन, चाँदी, तामा, पित्तल र वनस्पतिको पात्र शुभ र फलामको पात्र अशुभ मानिन्छ ।

### सोह्रश्राद्धमा कतिवटा पिण्ड दिने ?

शास्त्रमा ब्राह्मणका निम्ति देवकार्यलाई भन्दा पनि पितृकार्यलाई महत्व दिइएको वाल्मीकि विद्यापीठ शुक्लयजुर्वेद विषयका प्रा डा आमोदवर्धन कौण्डिन्यायन आचार्य बताउनुहुन्छ । त्यसैले श्राद्ध र तर्पण अनिवार्य भएको उहाँले सुनाउनुभयो । शुक्लयजुर्वेदका अनुयायीका निम्ति श्राद्धको विधान गर्ने वेदजत्तिकै प्रामाणिक मूल ग्रन्थ कात्यायन-श्राद्धकल्पसूत्र भएको आचार्य बताउनुहुन्छ । प्रत्येक महिनाका कृष्णपक्षमा पिता, पितामह, प्रपितामह, मातामह, प्रमातामह र वृद्धप्रमातामहलाई गरेर जम्मा छ वटा पिण्ड दिनुपर्ने विधान छ-

'पितृभ्यः पितामहेभ्यः प्रपितामहेभ्यो मातामहेभ्यः प्रमातामहेभ्यो वृद्धप्रमातामहेभ्यः स्वधोच्यताम्' (का.श्राद्धसूत्र, कण्डिका ३) ।

अरु वेदशाखाका गृह्यसूत्रहरुमा र तदनुसारका स्मृतिपुराणहरुमा बताइएका नौ वटा वा १२ ओटा पिण्ड दिने कुरा शुक्ल यजुर्वेदाध्यायीले अनुसरण गर्न मिल्दै नमिल्ने उहाँको तर्क छ । "गृह्यकर्ममा आफ्ना वेदशाखामा नभनेका कुरा थप्न पनि हुँदैन र थप्न पनि मिल्दैन भन्ने कुरा मीमांसाशास्त्र पढेका व्यक्तिलाई छर्लङ्ग हुन्छ", आचार्यले भन्नुभयो । मामाघरको हजुरबा (मातामह) जीवित भएमा चाहिँ जीवितलाई नाघेर मामाघरका बुढा हजुरबाहरु (प्रमातामहादि) लाई पिण्ड दिन शुक्ल यजुर्वेदको वेदशाखामा मिल्दैन । कात्यायन श्रौतसूत्र(४.१.२७) मा उल्लेख गरिएको छ-

जीवितलाई नाघेर पिण्ड दिन नमिल्ने भएकाले यस्तो व्यवस्था गरिएको हो । यस्तो अवस्थामा पिता, पितामह र प्रपितामहलाई गरेर जम्मा तीन पिण्ड मात्र दिनुपर्ने आचार्य बताउनुहुन्छ ।

"यो पनि आफ्ना शाखाका वेदका वचन र मीमांसाशास्त्रका न्यायअनुसार निर्णय हुने कुरा हो, लौकिक तर्कबाट निर्णय हुने होइन । यस्ता अवस्थामा छ पिण्ड दिन नमिल्ने भएकाले पारस्करका छ पिण्डका कुरा मात्र मान्नुपर्छ भन्ने केही छैन, नौ, १२ वा त्योभन्दा बढी पनि पिण्ड पार्वणश्राद्धमा दिन हुन्छ र दिन पर्छ भन्नु मूल शास्त्रको अर्थ गर्ने तरिका नबुझ्नु हो । कुनै वेदशाखाका पार्वणश्राद्धमा पिता, पितामह र प्रपितामहलाई गरेर जम्मा तीन पिण्ड मात्र दिने कुरा पनि आएको छ । हाम्रा वेदशाखामा भने छ पिण्ड नै दिने विधान छ", उहाँले भन्नुभयो ।

एकोद्दिष्टश्राद्ध र पार्वणश्राद्ध मिसाएर गर्न हुँदैन । सोह्रश्राद्धमा गरिने पार्वणश्राद्धमा एकोद्दिष्टगणका पितृहरुलाई थप पिण्ड दिन मिल्ने देखिँदैन । बरु इच्छा भए पार्वणश्राद्ध सकेर एकोद्दिष्टश्राद्ध छुट्टै गर्न मिल्ने पनि आचार्यको भनाइ छ ।

कलियुगमा मानिसको शक्ति क्षय भएर मासिक रुपमा पार्वण श्राद्ध गर्न नसकेकैले विकल्प पनि नभई अनुकल्पका रुपमा वार्षिक रुपमा पार्वण श्राद्ध गर्ने व्यवस्था शास्त्रमा गरिएको सुनाउनुभयो । "पार्वणश्राद्ध शुक्लय जुर्वेदीका निम्ति नित्यश्राद्ध हो । शुक्लयजुर्वेदका वेदशाखानुयायीले आफ्ना वेदशाखामा र आफ्ना सूत्रमा भएको पार्वणश्राद्धको अनुकल्पका रूपमा गरिँदै आएको सोह्रश्राद्धमा गरिने पार्वणश्राद्ध छोडेर आफ्ना श्रुतिसूत्रमा नभएको महालय भनेर छुट्टै श्राद्ध गर्नुपर्छ भन्ने मान्न मिल्दैन ।

### हुलाक सेवाः नागरिकको विश्वास

- **हुलाक सेवाको इतिहास, महत्व र योगदानको सम्मान गरौं,**
- **दुर्गम तथा ग्रामीण क्षेत्रमा समेत भरपर्दो हुलाक सेवा विस्तारमा सहयोग गरौं,**
- **हुलाक सेवालाई आधुनिक सूचना तथा सञ्चार प्रविधिसँग जोड्दै प्रभावकारी बनाऔं,**
- **हुलाकमार्फत उपलब्ध सेवा तथा सुविधाको प्रयोग तथा सही सदुपयोग गरौं,**
- **चिठीपत्र, पार्सल तथा अन्य सामग्री पठाउँदा सही विवरण र सुरक्षित प्याकेजिङमा ध्यान दिऔं,**
- **हुलाक सेवाको डिजिटल रूपान्तरण र आधुनिकीकरणलाई प्रोत्साहन गरौं,**
- **हुलाक सम्पदा तथा ऐतिहासिक महत्वका सामग्रीको संरक्षण गरौं,**
- **आधुनिक हुलाक सेवा अपनाऔं, सेवा प्रवाहलाई प्रभावकारी बनाऔं ।**

नेपाल सरकार,
विज्ञापन बोर्ड

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

# विपदबाट चार दिनमा १५ जनाको मृत्यु

❑ प्रत्यूष समाचारदाता

काठमाडौं। देशका विभिन्न स्थानमा बाढी, पहिरोलगायत विपद्बाट चार दिनमा १५ जनाको मृत्यु भएको छ।

विपद्मा परी बागमती प्रदेशमा तीन, लुम्बिनीमा चार, गण्डकीमा पाँच, कर्णालीमा दुई र मधेस प्रदेशमा एक जनाको मृत्यु भएको केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्लेले जानकारी दिनुभयो। विपद्का घटनामा चार जना घाइते भएका छन्। आइतबारसम्म उनीहरुको स्थानीय अस्पतालमा उपचार भइरहेको छ।

बाढी, पहिरो तथा डुबानमा परेका एक हजार २८४ जनाको उद्धार गरिएको छ। अन्य सुरक्षा निकाय र स्थानीयको समन्वयमा बाढी पहिरोको जोखिममा रहेका घर परिवारलाई सुरक्षित स्थानमा राख्ने, पहिरोमा पुरिएका धनमाल निकालेर सुरक्षित गर्ने काम भइरहेको प्रवक्ता काफ्लेले बताउनुभयो।

# सेतीवेणी बजारका २६ घर डुबानमा, प्रभावितलाई विद्यालयमा राखियो

वालिङ। अविरल वर्षासँगै कालीगण्डकी नदी र सेतीखोलामा आएको बाढीका कारण सेतीवेणी बजार डुबानमा परेको छ। स्याङ्जा, पर्वत र गुल्मीको सीमामा रहेको कालीगण्डकी नदी र सेतीखोलाको किनारमा अवस्थित सेतीवेणी बजार डुबानमा परेको हो।

चार दिनदेखि निरन्तर रुपमा परेको वर्षासँगै कालीगण्डकी नदी र सेतीखोलामा आएको बाढीले स्याङ्जाको गल्याङ नगरपालिका-५ तर्फको बजारका १७ घरमा क्षति पुगेको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका सूचना अधिकारी र मेशदत्त अवस्थीले जानकारी दिनुभयो। त्यस्तै, पर्वततर्फका नौ घरमा क्षति पुगेको गल्याङ-५ का वडाध्यक्ष घनश्याम भट्टराईले बताउनुभयो।

"स्याङ्जातर्फका १७ घर मा बाढी पस्दा घरहरू भत्किनुका साथै डुबानमा परेका छन्", उहाँले भन्नुभयो, "गएराति २:०० बजेतिर देखि नदी तथा खोलामा बहाव बढेसँगै स्याङ्जा र पर्वततर्फका बाढी प्रभावितलाई पर्वततर्फको शालिग्राम मावि परिसरमा राखिएको छ।" विद्यालयमा आश्रय लिएर बसेका बाढी प्रभावितलाई तत्काल खानपान तथा आश्रयको व्यवस्था-पन मिलाइएको उहाँले बताउनुभयो। बाढीका कारण मानवीय क्षति नभएपनि केही पशुचौपाया भने नदीले बगाएर लगेको उहाँको भनाइ छ।

बजार डुबानमा परेपछि अहिले त्यहाँको जनजीवन प्रभावित बनेको छ। बाढीका कारण विश्व विराट शालिग्राम शीला डुबानमा परेको छ। कालीगण्डकी नदीमा आएको बाढीका कारण स्याङ्जाको कालीगण्डकी गाउँपालिका-७ मा मिर्मीमा रहेको कालीगण्डकी ए जलविद्युत् परियोजनाका सबै ढोका खोलेर विद्युत उत्पादन बन्द गरि एको छ। नदीमा आएको बाढीले आज विहान मिर्मीस्थित स्याङ्जा र गुल्मीलाई जोड्ने मोटरेबल पुलसमेत बगाएको थियो।

# गोकर्णेश्वरमा श्राद्ध गराउने घटे



बसेकाहरू गोकर्णेश्वर उत्तरगया पितृतीर्थ धाममा आएर श्राद्ध गर्दछन्।

काठमाडौं। विगत चार दिनदेखिको निरन्तर वर्षाद्ले गोकर्णेश्वर उत्तरगया पितृतीर्थ क्षेत्रमा सोह्र श्राद्ध गर्न आउनेहरू प्रभावित भएका छन्। प्रत्येक वर्ष आश्विन कृष्ण प्रतिपदादेखि सुरु हुने सोह्र श्राद्ध आजदेखि सुरु भएको हो।

आइतबार प्रतिपदा तिथि श्राद्ध गरिँदैछ। विगतका वर्षमा सोह्र श्राद्धको पहिलो दिन यस क्षेत्रमा सयौं मानिसले श्राद्ध गर्ने स्थानका लागि तोकिएको शुल्क तिरेर रसिद काट्ने गरेकामा यस वर्ष ६६ जनाले मात्र रसिद काटेका गोकर्णेश्वर मन्दिर क्षेत्र प्रबन्ध समितिका अध्यक्ष जयराम महतले जानकारी दिनुभयो। उहाँका अनुसार यहाँ श्राद्ध गर्नेलाई समितिले सरसफाइका लागि रु २०० शुल्क लिने गरेको छ।

विगत चार दिनदेखिको निरन्तर वर्षाले श्राद्ध गर्न आउनेहरू प्रभावित भएका उहाँले बताउनुभयो। गोकर्णेश्वर मन्दिरभन्दा ५०० मिटरमाथिको दूरीमा रहेको कान्तिभैरव उत्तरगया क्षेत्रमा भने बिहानदेखि छ जनाले मात्र श्राद्ध गर्न रसिद काटेका कान्तिभैरव मन्दिर व्यवस्थापन समितिका कर्मचारी कोपिला थापाले जानकारी दिनुभयो। पानी नपरेका बेला भने यहाँ पनि दैनिक १०० जनाभन्दा धेरै मानिस श्राद्ध गर्नकै लागि आउने गरेका थिए। राजधानीमा डेरा लिएर बसेकाहरू गोकर्णेश्वर उत्तरगया पितृतीर्थ धाममा आएर श्राद्ध गर्दछन्। डेरामा श्राद्ध गर्नुहुँदैन भन्ने मान्यता राख्नेहरू र डेरामा ठाउँ अभाव हुनेहरूले यहाँ आएर श्राद्ध गर्दछन्। धर्मशास्त्रविद् तोयराज नेपालले भने डेरामा ठाउँ भएसम्म श्राद्ध गर्न शास्त्रीय वचनका आधारमा कुनै बाधा नपर्ने बताउनुभयो। भाडा तिरेर बसिसकेपछि रकम तिरुञ्जेल आफ्नै हुने भएकाले डेरामा श्राद्ध गर्न धर्मशास्त्रीय ग्रन्थले भने अनुसार कुनै बाधा नरहेको उहाँले सुनाउनुभयो।

डेरामा ठाउँ अभाव भएर तीर्थमा गएर तिथिको श्राद्ध गर्नुपर्दा पहिले तीर्थ श्राद्ध गरेरमात्र तिथि वा सोह्र श्राद्धको तिथिको श्राद्ध गर्नुपर्ने शास्त्रीय नियम रहेको जानकारी पनि धर्मशास्त्रविद् नेपालले दिनुभयो। तीर्थ श्राद्ध र तिथिको वा सोह्र श्राद्ध एकै दिन गर्दा तीर्थ श्राद्ध आफ्ना पुरेतबाट नभई अलग्गैबाट गर्नुपर्ने पनि उहाँले बताउनुभयो। दुवै श्राद्ध एकै पुरेतबाट गराएर सिदा र दक्षिणा दान एकै जना ब्राह्मणलाई गराउन नहुने शास्त्रीय वचन रहेको छ।

# सेवा प्रवाहमा उत्कृष्टता ल्याउन प्रतिष्ठानको भूमिका महत्वपूर्ण

ललितपुर। राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा गुणाकर भट्टले सरकारी सेवामा क्रियाशील कर्मचारीहरूको दक्षता, सीप र ज्ञानको अभिवृद्धिमा काम गर्दै सेवा प्रवाहमा उत्कृष्टता ल्याउन नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको भूमिका महत्त्वपूर्ण रहेको बताउनु भएको छ।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले आइतबार आयोजना गरेको आफ्नो ४४औं वार्षिकोत्सव एवं कर्मचारी पुनःमिलन कार्यक्रममा उपाध्यक्ष डा भट्टले प्रतिष्ठान महत्त्वपूर्ण प्राज्ञिक थलोका रुपमा रहेको भन्दै आजभन्दा ४४ वर्ष अगाडि दूरदर्शी सोचका साथ प्रतिष्ठानको स्थापना गरिएको बताउनुभयो।

"अनुसन्धान, विकास र नवप्रवर्तनमा हुने लगानी आर्थिक वृद्धि र समृद्धिको प्रमुख आधार हो, विश्व अर्थतन्त्रमा नेतृत्व गरिरहेका मुलुकहरूको सफलतामा अनुसन्धान तथा नवप्रवर्तनमा गरिएको लगानीको महत्त्वपूर्ण भूमिका रहेको छ। त्यसैले प्रशिक्षण तथा अध्ययन गराउने संस्थाले कस्तो ज्ञान र सोच भएका प्रशासक तयार गर्छ भन्ने विषय प्रत्यक्ष रूपमा सार्वजनिक सेवा प्रवाहसँग जोडिन्छ", उपाध्यक्ष डा भट्टले भन्नुभयो।

अनुसन्धान र नवप्रवर्तनले नै विश्व अगाडि बढिरहेको उल्लेख गर्दै उहाँले प्रशासकलाई दिइने शिक्षा र दृष्टिकोणले नागरिकप्रतिको व्यवहार तथा सरकारी नीतिमा प्रभाव पार्ने बताउनुभयो। इतिहासमा माल्थस र रिचर्ड जोन्सबाट प्रशिक्षित प्रशासकहरूको फरक दृष्टिकोणले भारतमा भोकमरी, खडेरी र नागरिकप्रतिको सरकारी व्यवहारमा फरक प्रभाव पारेको उदाहरण प्रस्तुत गर्दै उपाध्यक्ष डा भट्टले प्रशिक्षणमा नागरिकप्रतिको संवेदनशीलता आवश्यक रहेको उल्लेख गर्नुभयो।

"उच्च आर्थिक वृद्धि र समृद्धिका लागि प्रभावकारी सरकारी सेवा प्रवाह अपरिहार्य छ, प्रशिक्षण संस्थाले योग्य, अनुशासित, आचरणयुक्त र नागरिकप्रति संवेदनशील जनशक्ति उत्पादन गर्नुपर्ने छ", उहाँले भन्नुभयो।

त्रिभुवन विश्वविद्यालयका उपकुलपति डा भोला थापाले सार्वजनिक सेवामा चुस्तता ल्याउने सन्दर्भमा विश्वविद्यालयसँग प्रतिष्ठानलाई जोडेर कार्यक्षमता अभिवृद्धि गर्ने काममा जोड दिएर लाग्ने बताउनुभयो।

उहाँले प्रतिष्ठान र विश्व विद्यालयले हासिल गरेका अनुभव र सिकाइ एकअर्कामा आदानप्रदान गरेर अध्ययन अनुसन्धान मा ध्यान दिएर लाग्ने उल्लेख गर्दै त्रिभुवन विश्वविद्यालय र नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानबीच रचनात्मक सहकार्य हुने बताउनुभयो।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव मदन भुजेलले नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको व्यवस्थापन र सफलतामा प्राध्यापक तथा कर्मचारीको भूमिका सकारात्मक छ भन्दै आइएसओ प्रमाण-पत्र प्राप्त गर्न सफल भएकोमा आभार व्यक्त गर्नुभयो।

सो क्रममा उहाँले प्रतिष्ठान नेतृत्व विकास र व्यवस्थापनमा उत्कृष्टताको केन्द्र हुन सकोस् भन्दै दक्ष जनशक्ति उत्पादनमा सक्षम बनाउनका लागि मन्त्रालयले सक्दो सहयोग तथा समन्वय गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। प्रतिष्ठानले अन्य तालिम केन्द्रसँग समन्वय गरेर नेतृत्वदायी भूमिका निर्वाह गर्न सकोस् भन्दै सचिव भुजेलले सरकार, विश्वविद्यालय र प्रतिष्ठानबीच सहकार्यका लागि मन्त्रालय तयार छ भन्नुभयो।

पूर्वकार्यकारी निर्देशक डा राजन खनालले विभिन्न जिम्मेवारी मा रहेर पाठ्यक्रम सुधार र सिकाई पद्धतिमा सुधार गरेको जानकारी गराउनुभयो। नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका निमित्त कार्यकारी निर्देशक वसन्तराज सिग्देलले मानवीय ज्ञान, सीप र दक्षता अभिवृद्धि गर्दै सार्वजनिक सेवा प्रवाहमा नविनता ल्याउन समन्वय र सहकार्यका आधारमा कार्यहरू गर्दै आइरहेको जानकारी गराउँदै यसलाई अझै परिस्कृत गर्द जाने प्रतिबद्धता जनाउनुभयो। सो अवसरमा पूर्वकार्यकारी निर्देशक डा खनाल सहित विभिन्न कर्मचारी हरुलाई सम्मान र प्रतिष्ठान ले अध्ययन, अनुन्धानमा आधारित भएर प्रकाशन गरेको पुस्तक विमोचन समेत गरिएको थियो।

# फेवातालमा उच्च क्षमताको जेटस्की उद्धार डुंगा सञ्चालन

कास्की। पोखराको प्रमुख पर्यटकीय गन्तव्य फेवातालमा आपत्कालीन तथा शीघ्र उद्धारका लागि उच्च क्षमताको 'जेटस्की' उद्धार बोट (डुङ्गा) सञ्चालनमा ल्याइएको छ। फेवातालमा हुन सक्ने सम्भावित दुर्घटना तथा आपत्कालीन अवस्था मा शीघ्र उद्धार गर्ने उद्देश्यले आइतबार देखि सञ्चालनमा ल्याइएको उक्त बोट प्रतिघण्टा १०५ किमी गतिमा सञ्चालन हुनछ।

विश्व पर्यटन दिवसको अवसर पारेर उद्धार बोट सञ्चालन मा ल्याइएको हो।

संयुक्त अरब इमिरेट्स (युएई)ले विपद् उद्धारका लागि सशस्त्र प्रहरी बललाई उपलब्ध गराएका दुई वटा बोटमध्ये एउटा पोखराको फेवातालमा ल्याइएको सशस्त्र प्रहरी बल, कालिका गण पोखराका गणपति प्रहरी उपरीक्षक वसन्तबहादुर सिंहले जानकारी दिनुभयो।

उहाँका अनुसार उक्त बोट फेवातालमा स्थापना गरिएको सशस्त्र प्रहरीको रेस्क्यु टावरमा खटिएको सुरक्षा टोलीसँग रहनेछ। पानीमा तीव्र गतिमा आवतजावत, 'वाटर सर्च', 'रेस्क्यु', आपत्कालीन उद्धार तथा 'वाटर पेट्रोल'का लागि बोट उपयोगी हुने उहाँले सो क्रममा बताउनुभयो।

"फेवातालमा स्थापना गरिएको सशस्त्र प्रहरीको उद्धार टोलीले आवश्यकताअनुसार उक्त बोट प्रयोग गरी उद्धार कार्य गर्नेछ। उच्च गतिमा पानीमा आवतजावत गर्न सक्ने भएकाले दुर्घटना वा आपतकालीन अवस्थामा उद्धार टोलीलाई घटनास्थलमा छिटो पुग्न सहयोग पुग्नेछ", प्रहरी उपरीक्षक सिंहले भन्नुभयो।

बोटको शुभारम्भ गर्दै पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले फेवातालमा हुन सक्ने सम्भावित दुर्घटना तथा आपत्कालीन अवस्थामा उद्धार कार्यलाई थप छिटो, सुरक्षित र प्रभावकारी बनाउन उद्धार बोटले महत्वपूर्ण सहयोग पुग्ने समेत बताउनुभयो।

"फेवातालमा आउने छालको पूर्वअनुमान गर्न नसकिएको भएकाले आपतकालीन अवस्थामा छिटो उद्धार गर्न सकिने उच्च क्षमताको बोट सञ्चालनमा आउनु फेवातालको सुरक्षा व्यवस्थाका लागि महत्वपूर्ण उपलब्धि हो। पोखरा आउने स्वदेशी तथा विदेशी पर्यटको सुरक्षा पहिलो प्राथमिकता दिएका छौं", प्रमुख आचार्यले भन्नुभयो। सो अवसरमा प्रमुख आचार्यले फेवातालमा आउने पर्यटकलाई सुरक्षित वातावरण प्रदान गर्नु पर्यटन प्रवर्द्धनसँगै स्थानीय सरकारको महत्वपूर्ण दायित्व भएको उल्लेख गर्दै सुरक्षा व्यवस्थालाई थप प्रभावकारी बनाउन सम्बन्धित निकायबीच सहकार्य आवश्यक रहेको समेत बताउनुभयो।

कार्यक्रममा कास्कीका प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङ, जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख प्रहरी उपरीक्षक नवीन कार्की, पर्यटन व्यवसायी, डुङ्गा व्यवसायी तथा पर्यटनसँग सम्बन्धित प्रतिनिधि तथा विभिन्न सरोकारवालाहरूको सहभागिता थियो।

# पर्यटन विकासका लागि अन्तरमन्त्रालय समन्वय आवश्यक छः पर्यटनमन्त्री

काठमाडौं। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलले नेपालको पर्यटन विकास लाई प्रभावकारी बनाउन अन्तर मन्त्रालय समन्वय आवश्यक रहेको बताउनुभएको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले ४७औं विश्व पर्यटन दिवसका अवसरमा आइतबार (हिजो) आयोजना गरेको कार्यक्रममा उहाँले पर्यटन विकास लाई प्रभावकारी बनाउन अन्तर मन्त्रालय समन्वय, सरकारी संस्थाको क्षमता अभिवृद्धि र निजी क्षेत्रसँगको निरन्तर सहकार्य आवश्यक रहेको बताउनुभएको हो। पर्यटनमन्त्री पौडेलले पर्यटन विकासलाई एउटै मन्त्रालयको प्रयासबाट मात्र अघि बढाउन नसकिने भएकाले सरकारका विभिन्न निकायबीच प्रभावकारी समन्वयमा आफूले निरन्तर जोड दिँदै आएको उल्लेख गर्नुभयो। उहाँले पर्यटन क्षेत्रसँग सम्बन्धित सरकारी संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने सरकारको योजना रहेको भन्दै बदलिँदो पर्यटन परिवेशअनुसार संस्थागत क्षमता र सेवा प्रवाहलाई सुदृढ बनाउनुपर्नेमा जोड दिनुभयो। मन्त्री पौडेलले नेपालको मौलिक संस्कृति, परम्परा र समुदायमा आधारित जात्रा तथा पर्वहरू पर्यटनका महत्वपूर्ण आधार भएका बताउनुभयो। पुस्तौंदेखि चलि आएका जीवन्त सामुदायिक जात्रा तथा सांस्कृतिक गतिविधिको संरक्षण र प्रवर्द्धनलाई पर्यटन विकाससँग जोड्नुपर्ने उहाँको भनाइ छ। उहाँले हिमालयलाई नेपालको मात्र नभई यस क्षेत्रकै पवित्र प्राकृतिक सम्पदाका रूपमा लिँदै हिमालबाट उत्पन्न नदीले यस क्षेत्रका करोडौं मानिसको जीवन यापनमा योगदान पुर्याइरहेको उल्लेख गर्नुभयो। हिमाली सम्पदाको संरक्षणसँगै त्यसको दिगो पर्यटन उपयोगमा पनि ध्यान दिनुपर्ने उहाँले उल्लेख गर्नुभयो।

मन्त्री पौडेलले विद्यमान कानुन तथा नियमावलीमा देखिएका कमी-कमजोरी सुधार गर्न निजी क्षेत्रबाट प्राप्त सुझाव र प्रतिक्रिया सरकारका लागि महत्वपूर्ण हुने बताउनुभयो।

कार्यक्रममा नेपाल पर्यटन बोर्डका निमित्त प्रमुख कार्यकारी अधिकृत सन्तोष पन्तले भोटेकोशी बाढीबाट पर्यटन क्षेत्रले पाएको गम्भीर पाठलाई डिजिटल प्रविधिको प्रयोगसँग जोड्नुपर्ने बताउनुभयो। उहाँले हालैको भोटेकोशी बाढीका कारण लाइटाङ जाने नियमित पहुँचमार्ग तथा आवास सुविधामा क्षति पुग्दा पर्यटन क्षेत्रमा प्रत्यक्ष प्रभाव परेको भन्दै सुरक्षित पूर्वाधार, समयमै सूचना, वैकल्पिक पहुँचमार्ग र प्रभावकारी विपद् तयारी अब विकल्प नभई अनिवार्य आवश्यकता बनेको बताउनुभयो।

सो कार्यक्रममा पाटा फाउण्डेसनका अध्यक्ष एन्ड्रयू जोन्सले भोटेकोशी बाढीपछि नेपालको पर्यटन पुनरुत्थानका लागि पाटा फाउन्डेसनको निरन्तर सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो। सो क्रममा उहाँले प्रकृतिमा आधारित पर्यटनलाई सहयोग पुर्याउन एआई र डिजिटल मिडियाको भूमिका थप महत्वपूर्ण बन्दै गएको बताउनुभयो।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य प्राडा सञ्जय आचार्य, प्रतिनिधिसभाअन्तर्गतको अन्तरराष्ट्रिय सम्बन्ध तथा पर्यटन समितिकी सभापति सुम्निमा उदास, सोही समितिकी सदस्य अनुष्का श्रेष्ठ, प्रतिनिधीसभा सदस्यद्वय डा अर्जुनकुमार कार्की, मिङ्मा ग्याबु शेर्पालगायतले पर्यटन क्षेत्रमा प्रविधिको प्रयोग, रोजगारी संरक्षण, राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमको सुदृढीकरण तथा पर्यटक लाई प्रमाणित र विश्वसनीय सूचना उपलब्ध गराउने विषयमा समेत सहभागीहरुले आ-आफ्नो धारणा राख्नुभयो।

# पहिरोले तनहुँका १८ घरमा क्षति

दमौली (तनहुँ) । केही दिनदेखि परेको वर्षाका कारण तनहुँका १८ घरमा क्षति पुगेको छ । वर्षाका कारण घरहरू भत्किएका छन् भने कतिपय घर बस्न नमिल्ने गरी क्षतिग्रस्त बनेका छन् ।

म्याग्दे गाउँपालिका-२ जामुनेमा अविरल वर्षाका कारण बगरसहितको लेदो बस्तीमा खसेर स्थानीय खिमादेवी विकको दुईतले पक्की घरमा क्षति पुगेको छ । आइतबार बिहान घरमाथिको बारीबाट आएको लेदोले घरमा क्षति पुर्‍याएको प्रहरी नायब उपरिक्षक द्वारिकाप्रसाद घिमिरेले जानकारी दिनुभयो । घटनाको जानकारी पाए लगत्तै प्रहरी टोली घटनास्थलमा पुगेको थियो । जोखिमलाई मध्यनजर गर्दै खिमा देवीसहित परिवारलाई छिमेकीको घरमा लगि सुरक्षित स्थानान्तरण गरिएको उहाँले बताउनुभयो । घिरिङ गाउँपालिका-१ पुट्टारस्थित गुहिया खोलामा आएको बाढीले खोलाको धार परिवर्तन गर्दा स्थानीयको घरमा पानी पसेको छ । आज बिहान आएको बाढीले भुमलाल दरैको घरसहित अन्य चार वटा ढुङ्गा-माटोले बनेका कच्ची घरको तल्लो तलामा पानी पसेको हो । घरहरू जोखिममा परेको सूचना प्राप्त भएपछि प्रहरी चौकी पुट्टारबाट प्रहरी टोली घटनास्थलमा पुगेको थियो । प्रहरीले जोखिममा रहेका घरका परिवारका सदस्यलाई सुरक्षित स्थानमा सारेको जनाएको छ । घटनामा मानवीय तथा पशु-चौपायाको क्षति नभएको प्रहरीले जनाएको छ ।

यस्तै ऋषिङ गाउँपालिका-१ धोक्लोमा पहिरोले दुई वटा कच्ची घरमा क्षति पुर्‍याएको छ । आइतबार बिहान ६:३० बजे घरभन्दा करिब एक सय मिटर माथिबाट लेदो, माटोसहितको पहिरो खस्दा भित्री सडकको नाला थुनिएर लेदोमाटो र पानी घरभित्र पसेको हो । पहिरोका कारण जितबहादुर राना र डम्बरबहादुर रानाको ढुङ्गा माटोले बनेको एकतले कच्ची घरमा क्षति पुगेको छ । घरमा रहेका सामान तथा लत्ताकपडा क्षति भए पनि मानवीय तथा पशुचौपाय क्षति नभएको प्रहरीले जनाएको छ । घटनापछि घरमा बसोबास गर्ने परिवारका सदस्यलाई सुरक्षित स्थानमा सारिएको छ । घटना स्थलमा अस्थायी प्रहरी पोस्ट भ्फापुटारबाट प्रहरी टोली खटिएको छ ।

बन्दीपुर गाउँपालिका-४ ठूल्दुङ्गास्थित नीरज श्रेष्ठको एकतले कच्ची घरको पछाडिको भाग पहिरोले क्षति पुगेको छ । घरमा बसोबास गर्ने परिवारका सदस्यलाई सुरक्षित स्थानतर्फ सारिएको प्रहरीले जनाएको छ ।

व्यास नगरपालिका-१४ कैजलेमा दुई घरमा पहिरोले क्षति पुगेको छ । स्थानीय दलबहादुर परियार र सोविता परियारको घरमा क्षति पुगेको छ । उनीहरुको सामग्री प्रहरीले सुरक्षित स्थानमा सारिएको प्रहरी नायब उपरिक्षक घिमिरेले जानकारी दिनुभयो ।

भानु नगरपालिका-२ शिवालय टोलमा लेदोसहितको पहिरोले दुई घरमा क्षति पुर्‍याएको छ । स्थानीय ४८ वर्षीय विक्रम परियारको ढुङ्गामाटोले बनेको एकतले कच्ची घरको एकतर्फी गाह्रो भत्किएको छ । सोही स्थानका २१ वर्षीय राजन सुनारको एकतले कच्ची घरसमेत जोखिममा परेको प्रहरीले जनाएको छ ।

भानु नगरपालिका-१३ ठूलढुङ्गामा पहिरोले एक भान्साघर पूर्ण रूपमा क्षति पुर्‍याएको छ । हस्तमाया गुरुङको जस्तापाताको छाना र ढुङ्गा माटोले बनेको भान्साघरमा आँगनबाट पहिरो खसेको हो । पहिरोले भान्साघर पूर्ण रूपमा क्षति हुँदा घरभित्र रहेका अन्नपात तथा भाँडावर्तनसमेत पुरिएर क्षति भएको प्रहरीले जनाएको छ ।

व्यास नगरपालिका-१० डिहीगाउँमा पहिरोले घर बगाउँदा एक परिवार विस्थापित भएको छ । स्थानीय तिलबहादुर विकको ईँटाले बनेको एकतले कच्ची घरभन्दा करिब ३० मिटर माथिबाट पहिरो खसेर घर पूर्ण रूपमा बगाएको उहाँले बताउनुभयो । पहिरोले घरमा रहेका अन्नपात, सरसामान, गरगहना तथा नगदसमेत बगाएको प्रहरीले जनाएको छ । घटनामा मानवीय क्षति भने भएको छैन ।

पहिरोका कारण डिहीगाउँ-बैरेनी भित्री सडकखण्डमा समेत क्षति पुगेको छ भने सोही स्थानमा रहेका सुकबहादुर दरैको पक्की घर र विष्णुबहादुर दरैको कच्ची घर पहिरोको जोखिममा रहेका छन् । व्यास नगरपालिका-५ चापाघाटमा पहिरो खस्दा पेट्रोलपम्पमा क्षति पुगेको छ । तनहुँ आयल डिस्ट्रिव्युटरको पूर्वतर्फबाट करिब ५० मिटर तल खसेको पहिरोले पेट्रोलपम्पको एक डिजेल ट्याङ्कीसमेत बगाएको छ । पेट्रोलपम्पका दुईवटा एकतले कच्ची भवनसमेत जोखिममा परेको प्रहरीले जनाएको छ ।

# अनधिकृत रूपमा राखिएका 'होर्डिङ बोर्ड' हटाउन सुरु

वीरगञ्ज । वीरगञ्ज महानगर पालिकाले अनधिकृत रूपमा राखिएका 'होर्डिङ बोर्ड', ब्यानर तथा प्रचार सामग्री हटाउन सुरु गरेको छ । महानगरपालिकाले सार्वजनिक सम्पत्तिको संरक्षण, सडक तथा विद्युत् संरचनाको व्यवस्थापन र सहरको सौन्दर्य कायम गर्ने उद्देश्यअनुरुप सार्वजनिक विद्युत्का खम्बा तथा सार्वजनिक स्थानमा नियमविपरीत राखिएका अनधिकृत होर्डिङ बोर्ड, ब्यानर तथा प्रचार सामग्री आइतबारदेखि हटाउन सुरु गरेको हो ।

आइतबारदेखी महानगर पालिकाले सार्वजनिक पोल तथा स्थानमा विज्ञापन सामग्री राख्नुअघि महानगरपालिकाबाट आवश्यक अनुमति लिन आग्रह गर्दै वीरगञ्जका विभिन्न चोक तथा सडकका विद्युत् खम्बामा जथाभावी टाँगिएका निजी क्लिनिक, चिकित्सक तथा विभिन्न व्यवसायका प्रचार सामग्री हटाउने कामको थालनी गरिएको महानगर का हरियाली संयोजक प्रकाश खेतानले जानकारी दिनुभयो । महानगर पालिकाले सञ्चालन गरेको अभियान अन्तर्गत वीरगञ्जका मुख्य सडक, चोक तथा विद्युत्का खम्बामा अनुमति नलिई राखिएका प्रचार सामग्री हटाउने कार्य तीव्र पारिएको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "महानगरलाई स्वच्छ, सुन्दर र व्यवस्थित बनाउने दायित्व हामी सबैको हो, त्यसैले सार्वजनिक सम्पत्तिको दुरुपयोग गरेर सहरी सौन्दर्य बिगार्ने र अनुमतिविना विज्ञापन राख्ने छुट कसैलाई छैन ।"

महानगरपालिकाले कुनै पनि अनुमति नलिई सार्वजनिक स्थानमा होर्डिङ बोर्ड, ब्यानर तथा अन्य प्रचार सामग्री नराख्नसमेत सम्बन्धित व्यक्ति तथा संस्थालाई अनुरोध गरेको छ ।

अहिले सडक डिभिजन कार्यालय हेटौँडाले वीरगञ्जको मुख्य सडकलाई आगामी दसैँअघि पूर्ण रूपमा सफा र व्यवस्थित बनाइने उद्देश्यअनुरुप त्रिभुवन राजपथ अन्तर्गत पर्ने गण्डक चोकदेखि मितेरीपुलसम्मको सडक २५-२५ मिटर दायाँ-बायाँ विस्तार गर्ने उद्देश्य अनुसार घरहरु भत्काउने काम सम्पन्न गरेको छ ।

# ४७ औं विश्वपर्यटन दिवस विभिन्न कार्यक्रम गरी मनाइँदै

काठमाडौं । ४७औं विश्व पर्यटन दिवस आइतबार देशभर विभिन्न कार्यक्रमको आयोजना गरी मनाइँदैछ । हरेक वर्षको सेप्टेम्बर २७ मा यो दिवस मनाइने गरिन्छ । दिवसका अवसरमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको आयोजना तथा संयुक्त राष्ट्रसङ्घीय पर्यटन संस्था (युएन टुरिजम) र नेपाल पर्यटन बोर्डको सहकार्यमा विभिन्न कार्यक्रम गरी उक्त दिवस मनाउन लागेका हुन् ।

'पर्यटनलाई पुनःसंरचना गर्न डिजिटल एजेन्डा र आर्टिफिसियल इन्टेलिजन्स' भन्ने नाराका साथ नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान (नाथम)मा उक्त कार्यक्रम आयोजना गरिएको मन्त्रालयका प्रवक्ता जयनारायण आचार्यले जानकारी दिनुभयो ।

बागमती प्रदेश उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालयले साइकल र्‍यालीको आयोजना गरेको छ । उक्त मन्त्रालयले पाटन दरबार स्क्वायर बाट पुल्चोक, कुपण्डोल, माइतीघर, रामशाहपथ, जयनेपाल, नक्साल, हाँडीगाउँ, नारायणगोपाल चोक हुँदै होटल स्मार्ट धुम्बाराहीसम्म उक्त कार्यक्रम आयोजना गरेको मन्त्रालय का वरिष्ठ शाखा अधिकृत अम्बिक घिमिरेले जानकारी दिनुभयो । कार्यक्रममा बागमती प्रदेशका मन्त्री राजेन्द्र प्रजापति सहभागी हुनुभयो । नेपाल एशोसियसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स नाट्टाले काठमाडौं दरबार क्षेत्र वसन्तपुरबाट 'नेपाल निम्तो-नाट्टा सम्पदा दौड-२०२६' आयोजना गरेको छ ।

काठमाडौं र ललितपुरका ऐतिहासिक तथा सांस्कृतिक सम्पदालाई जोड्ने उदेश्यका साथ उक्त कार्यक्रम आयोजना गरेको हो । दौड वसन्तपुरबाट सुरु भई विशालबजार, न्युरोड गेट, रत्नपार्क, सहिदगेट, थापाथली, साफा पेट्रोल पम्प, लबिम मल हुँदै पाटन दरबार क्षेत्र पुगेको नाट्टाका अध्यक्ष भरतजङ्ग पाण्डेले जानकारी दिनुभयो । करिब छ किलोमिटरको उक्त दौडमा पर्यटन व्यवसायी, विभिन्न सङ्घसंस्थाका प्रतिनिधि, युवाको सहभागिता रहेको नाट्टाले जनाएको छ ।

'पर्यटन क्षेत्रको समस्या समाधानमा प्रदेश सरकार प्रयासरत छ'

बागमती प्रदेशका उद्योग, पर्यटन, श्रम तथा यातायातमन्त्री राजेन्द्र प्रजापतिले बागमती प्रदेश भित्रको पर्यटन समस्या समाधानका लागि प्रदेश सरकार लागि रहेको बताउनुभएको छ । ४७औं विश्व पर्यटन दिवसका अवसरमा बागमती प्रदेश पर्यटन कार्यालयले आज यहाँ आयोजना गरेको कार्यक्रममा उहाँले प्रदेशभित्रका पर्यटन समस्या गहन ढङ्गले अध्ययन गरी यसको समाधान मा लागि रहेको बताउनुभएको हो । मन्त्री प्रजापतिले बागमती प्रदेशको पर्यटनको विकासका लागि मन्त्रालय निरन्तर प्रयासरत रहेको बताउनुभयो । "बागमतीभित्रको पर्यटन, उद्योग र यातायात क्षेत्रको समस्या समाधानका लागि केन्द्र, प्रदेश र स्थानीय सरकारबीच समन्वय गर्ने छौं ।" प्रदेश सरकार र केन्द्र सरकारबीच समन्वय नहुँदा काम गर्न समस्या भइरहेको उहाँले बताउनुभयो । मन्त्री प्रजापतिले संस्कृति र प्रकृति नेपालको पर्यटन क्षेत्रको मुख्य आकर्षणको क्षेत्र भएकाले यसको संरक्षणमा लाग्नुपर्ने उल्लेख गर्नुभयो । पर्यटन व्यवसायी र संस्कृतिकर्मी बीच समन्वय हुन जरुरी रहेको उहाँको भनाइ छ ।

मन्त्रालयका सचिव दीपेन्द्र सुवेदीले नेपाललाई विश्व पर्यटकीय केन्द्रका रुपमा विकास गराउन यस्ता कार्यक्रमले सहयोग पुग्ने बताउनुभयो । पर्यटन घुमफिरसँगमात्र नभई रोजगारी र अर्थतन्त्रलाई बलियो बनाउन जोडिएको विषय भएको उहाँले बताउनुभयो । नेपालको पर्यटन क्षेत्रलाई अगाडि बढाउने क्रममा विभिन्न समयमा विभिन्न बाधा व्यवधानहरु आइपर्दा समस्या परेको सचिव सुवेदीले बताउनुभयो । मन्त्रालयका सचिव अनिता निरौलाले वेलनेश पर्यटन र कृत्रिम बुद्धिमत्ता ( एआई) लाई सँगै जोडेर अगाडि बढाएमात्र पर्यटन क्षेत्रबाट समृद्धि हासिल गर्न सकिने बताउनुभयो ।

# वर्षाले नेपाली चलचित्र व्यवसाय प्रभावित

काठमाडौं । लगातार परेको वर्षाले मुलुकको जनजीवन प्रभावित भएसँगै नेपाली चलचित्रको व्यापार खस्किएको छ । सम्बद्ध व्यवसायीका अनुसार अविरल वर्षाका कारण चलचित्र हलसम्म पुग्ने दर्शकको सङ्ख्या घटेसँगै व्यवसाय प्रभावित भएको हो ।

मौसम प्रतिकूल भएपछि दर्शक हलसम्म पुग्न नसक्दा प्रदर्शनरत चलचित्र तथा शुक्रबार देखि प्रदर्शनमा आएका नयाँ चलचित्रको व्यापार अपेक्षित रुपमा नभएको हल सञ्चालकको भनाइ छ । बङ्गालको खाडीमा विकसित न्यूनचापीय प्रणालीका कारण बुधबारदेखि काठमाडौं उपत्यका सहित देशका अधिकांश स्थानमा निरन्तर वर्षा भइरहेको छ । यही मौसमकाबीच शुक्रबार तीन नेपाली चलचित्र 'आचार्य बा : एक योद्धा' र 'जदौ' प्रदर्शनमा आएका थिए । वर्षाका कारण अपेक्षाकृत कम दर्शक देखिएको बताउँदै हल सञ्चालकले देशभर क्रमशः अब मौसम सफा भई दर्शकको उपस्थिति बढ्ने विश्वास व्यक्त गरेका छन् ।

विशेषगरी नयाँ चलचित्र का लागि प्रदर्शनको पहिला तीन दिन नै महत्त्वपूर्ण मानिन्छ । तर, चलचित्र हलसम्म पुग्ने वातावरण नै प्रतिकूल बनेपछि नयाँ चलचित्रले अपेक्षित व्यापार गर्न कठिन भएको सञ्चालकको अनुभव छ ।

काठमाडौँको कमल पोखरीस्थित बिग मुभिजका व्यवस्थापक दीपेश शर्माले अहिलेको मुख्य चुनौती फिल्मको 'कन्टेन्ट'भन्दा पनि दर्शक हलसम्म आउने वातावरण नभएको बताउनुभयो ।

"अहिलेको मुख्य चुनौती दर्शक हलसम्म आउने वातावरण नभएको हो । लगातारको वर्षाका कारण दर्शक हलसम्म पुग्न सकिरहेका छैनन् । बिहान र दिउँसोका 'शो'हरूमा ५० प्रतिशत सम्म हल भरिएका छन् तर साँझ शून्यजस्तै छ । कति स्थानमा 'हाई अलर्ट' सूचना जारी भएको हुँदा मानिस बाहिर निस्कन सकिरहेका छैनन्", शर्माले बताउनुभयो । चलचित्र 'बा: एक योद्धा'का निर्देशक हरि लम्सालले फिल्मप्रति दर्शकको चासो हुँदाहुँदै पनि मौसमले असर गरेको बताउनुभयो । उहाँ भन्नुहुन्छ, "रिलिज भएको पहिलो तीन दिन नै दर्शकको उपस्थिति मौसमअनुसार घटबढ भइरहेको छ । पानी रोकिएपछि व्यापारले गति लिनसक्ने हाम्रो अपेक्षा छ ।" यता, वर्षाको प्रभाव नयाँ चलचित्रमा मात्र होइन, अघिल्लो सातादेखि प्रदर्शनरत चलचित्रमा परेको छ । 'पेन्सन पट्टा' र 'बेहुली' भदौको अन्त्यतिर र 'भिङ्गेदाउ २' असोजको सुरुआतमा दर्शक तानिरहेका चलचित्र हुन् ।

यस्तै, 'पार्वती', 'तिनीहरू : एलिफेन्टस इन द फग' र 'गौँथली' लगायतका चलचित्र पनि हलमा प्रदर्शनरत छन् । तर, पछिल्लो समय आएको लगातार वर्षाले यी चलचित्रको नियमित व्यापारिक गतिलाई असर पारिरहेको देखिन्छ ।

चलचित्र 'पेन्सनपट्टा'का वितरक रोहित कट्टेलले फिल्म 'रिलिज'को समयमा दर्शकको साथ नै सबैभन्दा महत्वपूर्ण हुने तर, अहिले लगातार पानी परिरहेका कारण मानिस घरबाट बाहिर निस्कन कठिन भएकाले यसको प्रत्यक्ष प्रभाव हलको 'अकुपेन्सी'मा देखिएको बताउनुभयो । "पेन्सनपट्टाले पहिलो र दोस्रो हप्ता निकै राम्रो व्यापार गरेको थियो ।

असोज महिना नेपाली चलचित्रका लागि महत्वपूर्ण समय मानिन्छ । यसवर्ष असोजमा मात्रै करिब एक दर्जन नेपाली चलचित्र प्रदर्शन हुँदैछन् ।

# वैकल्पिक सडक निर्माणमा जुट्दै सूर्यगढी गाउँपालिका

रसुवा । भोटेकोशी तथा त्रिशूली नदीमा गएको बाढीले रसुवागढीसम्म जोडिएको अन्तराष्ट्रिय सडकको अधिकांश भाग बगेसँगै अहिले वैकल्पिक सडक निर्माण तथा स्तरोन्नतिको काम अघि बढेको छ ।

नुवाकोटको सूर्यगढी गाउँपालिकाले नदी तटसँगै रहेको सडकमा ठूला क्षति पुगेपछि वैकल्पिक सडक निर्माणको काम अघि बढाएको हो । सो गाउँपालिकाका प्रमुख शान्तबहादुर लामाले नुवाकोटको चोगदेदेखि गैरीखर्क, कुवापानी, मस्याङभञ्ज्याङ हुँदै ओख्ले बगरस्थित फलाखुखोलासम्म पुग्ने सडक सुधार तथा फराकिलो बनाउने काम सुरु गरिएको जानकारी दिनुभयो । अध्यक्ष लामाले भन्नुभयो, "वैकल्पिक मार्ग बनाउनेगरी पुरानो ट्र्याकलाई आवश्यकता अनुसार स्तरोन्नति र फराकिलो बनाउने काम भइरहेको छ । करिब एक महिनाभित्र सडक सुधारको प्रारम्भिक काम पूरा गर्ने लक्ष्य लिएका छौं ।"

सडक सुधारको काम पूरा भएपछि पूर्वाधार विकास कार्यालय मार्फत फलाखुखोलाको ओख्ले बगरमा 'बेलिब्रिज' निर्माण गर्ने तयारी रहेको गाउँपालिकाले जनाएको छ । 'बेलिब्रिज' निर्माण भएसँगै नुवाकोट बाट रसुवा प्रवेश गर्ने वैकल्पिक सडकको व्यवस्था हुनेछ ।

स्थानीयका अनुसार ओख्ले बगरमा 'बेलिब्रिज' निर्माण भएपछि रसुवाको पाहाखोला दोभान तथा क्रसर क्षेत्रबाट धुसेनी, सिम्लेभोर्ले, अधिकारी तथा देवकोटा टोलबाट धारापानी, जीवजीवे हुँदै घुम्तीमोड स्थित पासाङल्हामु मार्गसम्मको यात्रा सहज हुनेछ । रसुवा-धुसेनीका स्थानीय धर्मदत्त अधिकारीले प्रस्तावित सडक सञ्चालनमा आएमा जिल्लाको दक्षिणी तथा उत्तरी भेगबीचको आवतजावतमा सहज हुने समेत बताउनुभयो । उहाँका अनुसार वैकल्पिक मार्ग प्रयोग गर्दा धुन्चेबाट काठमाडौँसम्म करिब साढे चार घण्टामा काठमाडौँ पुग्न सकिनेछ ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयः नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com